साँगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भेडेटार धनकुटा
ठेक्का बन्दोबस्तको सूचना
(दोश्रो पटक प्रकाशित मिति : २०७६।०४।०१)

यस गाउँपालिकाको आर्थिक ऐन अनुसार उल्लेखित ओखे टावर प्रवेश सेवा शुल्क संकलन गर्न आ.व. २०७६/७७ को लागि एकमुष्ठ ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ५ औं दिन कार्यालय समय भित्र दरभाउपत्र दस्तुर वापत रु. १,०००।०० (फिर्ता नहुने गरि) जम्मा गरेको यस कार्यालयको नगदी रसिद वा नेपाल वंगलादेश बैंक लि. साँगुरीगढी शाखा स्थित सञ्चित कोष खाता हि.नं. ०५२००००१४१ मा जम्मा गरेको सक्कल बैंक भौचर, मु.अ.कर दर्ताको प्रमाण पत्र, आ.व. २०७५।७६ को नविकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र, आ.व. २०७४।७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु, व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखि दरभाउपत्र खरिद गर्न सकिनेछ। खरिद गरिएको दरभाउपत्र यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ६ औं दिन दिनको १२ बजे भित्र खामबन्दी गरि यस कार्यालयमा दर्ता गर्न सकिनेछ। दरभाउपत्रका शर्त, पेश गर्नुपर्ने कागजातहरु आदिका सम्बन्धमा दरभाउपत्र फारममा उल्लेख गरिएको छ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत